




- दोश्रो वार्षिक साधारणसभा सम्पन्न.......................१
- तीन जलविद्युत आयोजनाको लगानी मूल्याँकन..........२
- एडीबी उपाध्यक्षसंग अन्तरक्रिया ................२



जष्ठ | २०७१ | वष १/अङ्क ६


# एच.आइ.डि.सि.एल. न्यूजलेटर

## HYDROELECTRICITY INVESTMENT & DEVELOPMENT COMPANY LIMITED
## जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको

**द्वैमासिक ईपेपर**

*जलविद्युतको विकासबाट समृद्ध नेपालको निर्माणमा अघि बढ्दै*

## दोश्रो वार्षिक साधारणसभा सम्पन्न

जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडीसीएल) को दोस्रो वार्षिक साधारणसभा चैत २१ गते काठमाडौंस्थित मुख्य कार्यलयमा सम्पन्न भयो । साधारणसभा ऊर्जा मन्त्रालयका सचिव तथा कम्पनीका अध्यक्ष विश्वप्रकाश पण्डितको अध्यक्षतामा सम्पन्न भयो । सभामा कम्पनीका सेयर सदस्यका साथै कम्पनी रजिस्टार कार्यलयका र नेपाल राष्ट्र बैंकका प्रतिनिधिको पनि सहभागिता थियो । कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) दीपक रौनियारले कम्पनी सचिवको हैसियतमा साधारणसभामा गणपुरक संख्या पुगेकाले बैठकले मान्यता पाउने जानकारी गराउनु भएको थियो । उहाँले सबै सेयर सदस्यलाई स्वागत गर्नुभएको थियो । सञ्चालक समितिका तर्फबाट अध्यक्ष पण्डितले एचआईडीसीएलको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । कम्पनी सञ्चालन र वार्षिक प्रतिवेदनको विषयमा छलफलका लागि खुला गर्नुभयो ।

सभामा वर्षिक प्रतिवेदनका सम्पुर्ण विषयमा छलफल गरेको थियो । कम्पनीको कियाकलाप र प्रगतिप्रति सञ्चालकहरुले सन्तोष व्यक्त गर्नुभयो ।



सभाले आर्थिक वर्ष २०६९/०७० को वार्षिक प्रतिवेदन र आर्थिक विवरणहरु स्वीकृत गर्नुका साथै चाटर्ड एकाउन्टेन्ट शैलेन्द्र उप्रेतिलाई आगामी आर्थिक वर्ष ०७१/०७२ का लागि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्ने प्रस्ताव समेत अनुमोदन गरेको थियो ।

आर्थिक वर्ष ०६९/०७० को नाफाबाट ५ प्रतिशत लाभाँश दिने प्रस्ताव सभाले अनुमोदन गरेको थियो । यसैगरी सभाले जलविद्यूत् विज्ञ डा.मेघबहादुर विश्वकर्मालाई सञ्चालकमा नियुक्त गरेको छ । बैठकले २ अर्ब रुपैयाँ बराबरको साधारण सेयर निष्कासनका लागि भएको सहकार्यको संशोधनलाई पनि अनुमोदन गरेको छ ।

## इन्जिनियर डा. विश्वकर्मालाई सञ्चालकमा नियुक्त



चैत २१ गते सम्पन्न दोसो वार्षिक साधारणसभाले जलविद्युत विज्ञ डा. मेघबहादुर विश्वकर्मालाई एचआईडीसीएलको सञ्चालकमा नियुक्त गरेको छ । डा. विश्वकर्माले नर्वेजियन युनिर्भसिटी अफ साइन्स एन्ड टेक्नोलोजी नर्वेबाट जलविद्युत आयोजनाको हाइड्रोलिक डिजाइन र सेडिमेन्ट विश्लेषणमा विद्यावारधीको उपाधि हासिल गर्नुभएको छ । डा. विश्वकर्मा हाल हाइड्रो ल्याव प्रालिमा महाप्रवन्धकको रुपमा कार्यरत हुनुहुन्छ । हाइड्रोल्यावले हाइड्रोलिक्स र सेडिमेन्टेसन अनुसन्धान र विकासको काम गरिरहेको छ । उहाँको नियुक्तिसगै एचआईडीसीएलमा सञ्चालकको संख्या ६ पुगेको छ । जसमध्ये ४ जना संस्थापक र वित्त तथा जलविद्युत् क्षेत्रबाट १/१ जनाको प्रतिनिधित्व रहेको छ ।

.

# तीन जलविद्युत आयोजनाको लगानी मूल्याँकन

विभिन्न क्षमताका ३ जलविद्युत आयोजनाको मूल्याँकन भइरहेको छ । यी ३ जलविद्युत आयोजनामा सहवित्तीयकरणमा लगानी गर्न वाणिज्य बैंकहरुले औपचारिक रुपमा एचआईडीसीएललाई निम्ता गरेका छन् । कर्जा नीति अनुसार एचआईडीसीएलले जोखिम व्यवस्थापन समिति गठन गरेर स्वतन्त्र विज्ञहरुबाट आयोजनाहरुको विभिन्न पक्षको मूल्याँकन गरिरहेका छन् । ३ आयोजनाहरुमा २५ मेगाटको कावेली बी १, २१.६ मेगावाटको हेवाखोला र २० मेगावाटको वाग्मती साना हाइडोपावर आयोजन छन् ।

यी आयोजनाको जडित क्षमता ६६.६ मेगावाट छ । एचआईडीसीको नीति अनुसार जोखिम मूल्याँकन समितिले सञ्चालक समितिस्तरमा रहेको जोखिम व्यवस्थापन समितिमा छलफल गरेर सोही आधारमा प्रतिवेदन तयार गरिन्छ । आयोजनाको शिफारिश गरेर स्वीकृतिका लागि सञ्चालक समितिमा शिफारिश गरिन्छ ।

# एडीबी उपाध्यक्षसंग अन्तरक्रिया

एसियाली विकास बैंक (एडीबी) का उपाध्यक्ष डा. विन्दुनाथ लोहनी र एचआईडीसीएलका अधिकारीबीच ८ जुन २०१४ मा होटल र्‍याडिसन काठमाडौंमा अन्तरक्रिया सम्पन्न भयो । अन्तरक्रियाको अध्यक्षता एचआईडीसीएलका अध्यक्ष तथा ऊर्जासचिव राजेन्द्रकिशोर क्षेत्रीले गर्नुभएको थियो । सो अवसरमा नेपाल राष्ट्र बैंकका गर्भनर डा. युवराज खतिवडा, एडीबीका प्रतिनिधी, अन्तराष्ट्रिय वित्त निगम (आईएफसी) र विश्व बैंक, ऊर्जा मन्त्रालय, अर्थ मन्त्रालय, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष र एचआईडीसीएलका प्रबुद्ध अधिकारीको सहभागिता थियो ।

एचआईडीसीएलका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारले कम्पनीको भाबी योजना र एडीबीका सहयोगका बारेमा संक्षिप्त जानकारी गराउनु भएको थियो । त्यसपछि डा.लोहनीले नेपालको ऊर्जा क्षेत्रको अवस्थाका बारेमा आफनो दृष्टिकोण राख्दै नेपालको जलविद्युतमा लगानी गर्ने अवसर रहेको जानकारी गराउनु भएको थियो । सो अवसरमा एडीबीका देशीय निर्देशक केनिची योकोयामाले समेत आफनो धाराणा व्यक्त गर्नुभएको थियो । अन्तरक्रियामा सहभागी वक्ताले एचआईडीसीएलको कार्य प्रगति प्रति सन्तोष व्यक्त गर्नुभएको थियो । नेपालको ऊर्जा क्षेत्रमा एचआईडीसीएलले नेतृत्वदायि भुमिका खेल्ने संभावना रहेको औंल्याएका थिए । कार्यक्रम आयोजना गरेकोमा डा.लोहनीले एचआईडीसीएल व्यवस्थापनलाई धन्यवाद दिनुभएको थियो । अन्तरक्रिया एचआईडीसीएलका अध्यक्ष तथा ऊर्जासचिव क्षेत्रीले आफनो मन्तव्य व्यक्त गरेर समापन गर्नुभएको थियो । सो अवसरमा उहाँले नेपालको ऊर्जा क्षेत्रमा एचआईडीसीएल र एडीबीबीचको सहकार्यको बाटो खोलेको बताउनु भएको थियो । उहाँले अन्तरक्रियामा सहभागी भएकोमा डा.लोहनी र एडीबी अधिकारलाई धन्यवाद दिनुभएको थियो ।

द्वैमासिक ईपेपर

जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड
बबरमहल, काठमाडौं
फोन: ९७७-१-४२५७०२४, ४२५७०२५ फ्याक्स:+९७७-१-४२६१०६० इमेल: info@hidcl.org.np URL:www.hidcl.org.np